REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs        Date: 06.04.2026

१ ) एक्स्प्रो मार्ट

सिक्किमले, उत्तर प्रदेशको ग्रेटर नोएडा स्थित इन्डिया एक्स्पो मार्टमा फेब्रुअरी अन्त्यदेखि २ अप्रिल  सम्म आयोजना गरिएको स्किल इन्डिया प्रतियोगिता २०२६ मा सहभागिता जनाएको छ।

इन्डिया स्किल्स प्रतियोगिता, श्रम, विकास तथा उद्यमशीलता मन्त्रालय, भारत सरकारको प्रमुख पहल हो। यसको उदेश्य  सहभागीहरूलाइ उत्कृष्टता, नवप्रवर्तन तथा प्राविधिक दक्षता प्रदर्शन गराउन उच्चस्तरीय प्लेटफर्म निर्माण गर्नु हो।

सिक्किमको  सहभागिताले, राज्यका युवाहरूलाई राष्ट्रिय स्तरमा आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर दिलाएको  साथै मुख्यमन्त्री प्रेम सिंह तमाङको नेतृत्वमा सरकारद्वारा सञ्चालन भैरहेका सीप विकास कार्यक्रमहरूको प्रभावकारितालाइ प्रतिबिम्बित गरेको छ।

2) १००० पर्यटकहरू फंसे

उत्तर सिक्किमको लाचेन क्षेत्रमा सडक गम्भीर रुपमा क्षतिग्रस्त भएको  तथा ताराम्चु नजिकका क्षेत्रमा भएको भारी हिमपातका कारण करिब १,००० पर्यटकहरू फंसेको  खबर प्राप्त भएको छ । जसमा स-साना बालबालिका पनि रहेका छन्

सिक्किम प्रहरी सञ्चार शाखा, मङ्गनका अनुसार, इन्डो- तिबेटन  बोर्डर पुलिस, सेना तथा जिल्ला प्रशासनका टोलीहरूले संयुक्त रूपमा हिमपात हटाउने र सडक सम्पर्क पुनःस्थापना गर्ने कार्य गरिरहेका छन्।

भारतीय सेनाले लाचेनमा फसेका पर्यटकहरूलाई स्थिति बारे जानकारी दिँदै शान्त रहन आग्रह गर्नुका साथै  भोजन , स्वास्थ्य सेवा, अनि सुरक्षा लगायत अन्य आवस्यक सेवाका निमित्त सेना सदैव तत्पर रहेको बताएका छन्।

यस्तो कठिन परिस्थिति बीच सेनाको सक्रिय उपस्थिति पर्यटकहरूको सुरक्षाका लागि महत्वपूर्ण कदम मानिएको छ।

यसैविच मंगनका जिल्लापाल अनन्त जैन, प्रहरी अधीक्षक एल. बी. छेत्री, सीमा सडक संगठनका प्रतिनिधि संलग्न रहेको एक निरीक्षण टोलीले,  क्षतिग्रस्त क्षेत्रको निरीक्षण गरी क्षतिको स्तर र सम्भावित जोखिमहरूको मूल्याङ्कन गरेको छ । ताराम्चु क्षेत्रमा भएको यो क्षतिले उत्तर सिक्किमको महत्त्वपूर्ण मानिने चुंगथाङ–लाचेन यातायात मार्ग पूर्णरुपले  भएको छ ।

3)सिक्किम उच्च न्यायालय

सिक्किम उच्च न्यायालयले आज न्यायालय परिसरमा क्रेच सुविधा उद्घाटन गरेको छ। माननीय न्यायाधीश श्रीमती मीनाक्षी मदन राइले यसको उद्घाटन  गर्नुभयो। कार्यक्रममा प्रधान न्यायाधीश ए. मुहम्मद मुस्ताक तथा न्यायाधीश भास्कर राज प्रधान पनि उपस्थित हुनुहुन्थ्यो।

यस सुविधाको शुरुवातले  उच्च न्यायालयभित्र सहयोगी तथा समावेशी कार्य वातावरण निर्माण हुनुका साथै कर्मचारीहरूलाई आफ्ना बालबालिका हेरचाहको सुविधा उपलब्ध हुने एवं दैनिक कार्य सन्तुलन र कल्याण सुनिश्चित हुने,  लक्ष्य रहेको बताइएको छ

यो सेवाले  न्यायालयको कर्मचारीमैत्री दृष्टिकोणलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

4)वैशाखी पर्व

सिक्किम र नेपालको सीमावर्ती क्षेत्र चिउवाभञ्ज्याङमा आयोजना हुने वैशाखी पर्वको तयारीलाई प्रभावकारी र व्यवस्थित बनाउन देन्ताम क्षेत्रका विधायक सुदेश कुमार सुब्बाले अग्रसरता लिनुभएको छ  यस सम्बन्धमा उहाँले स्थलगत भ्रमण गरि तयारीको अवस्थाबारे विस्तृत जानकारी लिनुभयो । निरीक्षणका क्रममा उहाँले  सम्बन्धित निकाय, स्थानीय प्रतिनिधि तथा पर्यटन सरोकारवालासँग छलफल गरि, कार्यक्रमको सफल आयोजन सम्बन्धमा आवश्यक निर्देशन दिनुभएको छ

श्री सुब्बाले, यस मेलाले स्थानीय पर्यटन प्रवर्द्धन, व्यापार विस्तार तथा रोजगारीका अवसर सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

5) स्ट्रेन्थलिफ्टिङ्ग

सिक्किमले चौथो पूर्वी भारत तथा झारखण्ड राज्य स्ट्रेन्थलिफ्टिङ्ग एवं  इन्क्लाइन बेंच प्रेस च्याम्पियनसिप २०२६ मा सहभागिता जनाउने भएको छ। प्रतियोगिता आगामी अप्रिल १० देखि १२ सम्म झारखण्डको राँची शहरमा आयोजना हुनेछ ।

राज्यका विभिन्न जिमहरूबाट चयन गरिएका ९ पुरुष तथा ७ महिला गरि जम्मा १६ सदस्यीय टोलीलाई, प्रमुख प्रशिक्षक पेमा दोर्जे भुटियाले नेतृत्व गर्नुहुनेछ ।

राज्यका खेलाडीहरुको यो  टोली भोलि झारखण्ड प्रस्थान गर्ने बताइएको छ । यस सहभागिताले सिक्किमका खेलाडीहरूलाई राष्ट्रिय स्तरमा आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ।

6) क्रिकेट प्रतियोगिता २०२६

सिक्किम क्रिकेट संघको  आयोजनामा  उत्तरपूर्व क्रिकेट विकास परिषद (NECDC) under -23, महिला अन्तर–राज्य क्रिकेट प्रतियोगिता २०२६ आज रंगपोस्थित सिक्किम क्रिकेट मैदानमा सुरु भएको छ। प्रतियोगितामा अरुणाचल प्रदेश, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड तथा सिक्किम गरी उत्तरपूर्वका छ राज्यहरुले  सहभागिता जनाइरहेका छन् ।